**यस चौथो गाउँ सभाका प्रमुख अतिथि ज्यू ,**

**विशिष्ट अतिथि ज्यूहरु, सम्पूर्ण सदस्यज्यूहरु ।**

नेपाली जनताको निक्कै लामो र अथक प्रयासको सफलता स्वरुप नेपाल आज संघिय गणतन्त्रात्मक शासन प्रणालीमा प्रवेश गरेको कुरा हामी सबैलाई विदितै छ । यस घडीमा मुलुकलाई आजको यो ऐतिहासिक क्षण प्राप्तीका निमित्त लोकतान्त्रिक गणतन्त्र, संघियता, धर्म निरपेक्षता, समावेशिता, सामाजिक न्याय र समानताका लागि विभिन्न लोकतान्त्रिक एवं गणतान्त्रिक आन्दोलनहरुमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर अमर शहिदहरुप्रति म हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहान्छु । साथै विभिन्न कालखण्डमा भएकाआन्दोलनहरुमा नेतृत्व प्रदान गर्नु हुने नेपाली राजनीतिका आदर्श धरोहरहरु विश्वेश्वर प्रसाद कोइराला, पुष्पलाल श्रेष्ठ, गणेशमान सिंह, मदन भण्डारी, मनमोहन अधिकारी लगायतका अन्य शिखर व्यत्तित्वहरुलाई सम्मानपूर्वक स्मरण गर्न चाहान्छु ।

आज यस गरिमामय एवं ऐतिहासिक चौथो गाउँसभामा यहाँहरुलाई सम्वोधन गर्न पाउँदा मैले आफुलाई गौरवान्वीत महशुस गरेको छु । यस क्षणमा म गाउँपालिकाबासी सम्पूर्ण  दाजुभाई, दिदीवैनी, वुद्धिजीवी, शिक्षक कर्मचारी, पत्रकार नागरिक समाज तथा विभिन्न संघ संस्थाहरुमा आवद्ध महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साविक लामिडाडा, खार्पा, कुभिण्डे, हौंचुर, डुम्रेधारापानी र दुवेकोल गाविस रहँदाको अवस्थामा यस क्षेत्रको आर्थिक विकास निर्माणको क्षेत्रमा योगदान पुऱ्याउनुहुने आदरणीय नेतृत्वगण, साथै यस रावा बेसी गाउँपालिका स्थापनाका लागि निकै संघर्षका साथ उल्लेख्य भूमिका निर्वाह गर्नुहुने आदरणीय व्यक्तित्वहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु  । यस गाउँपालिकाको विकास निर्माणमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा भूमिका खेल्नुहुने सम्पूर्ण राजनैतिक दलका नेता, कार्यकर्ता, समाजका अगुवा तथा आम जनसमुदायमा हार्दिक धन्यवाद दिन चाहान्छु । हामीले सवैखालका निरंकुशताका विरुद्ध लड्दै आज मूलुकलाई एक संघीय लोतान्त्रिक गणतन्त्रात्मक नेपालको रुपमा स्थापित गरेको सन्दर्भमा आज हामी आर्थिक समृद्धि, समाज परिवर्तन, अनि सुखी नेपाली र नयाँ सम्वृद्ध नेपाल निर्माणको महान अभियानमा जुटेका छौं । यसै सन्दर्भमा आज हामी रावा बेसी गाउँबासीयो ऐतिहासिक क्षणमा पुनःयहाँ भेला भएका छौं । तसर्थ यस क्षेत्रको सम्वृद्धिका निम्ति, विकासका निम्ति, परिवर्तनका निम्ति आफ्ना अमूल्य समय दिनुभएकोमा र हाम्रो निमन्त्रणालाई स्विकार गरी पाल्नुभएकोमा म गाउँपालिका प्रमुखको तर्फवाट हार्दिक स्वागत गर्न चाहान्छु।

रावा बेसी गाउँपलिकामा विद्यमान धार्मिक, जातीय, भाषिक तथा जैविक विविधता विकासका निम्ती विविध दृष्टिकोणवाट हेर्ने हो भने अनुकुल रहेको कुरा स्वतःसिद्ध छ । कालोपत्रे पछि सञ्चालनको क्रममा रहेको लामिडाडा विमानस्थल र यातायात संजालको वर्तमान अवस्था तथा भविष्यको सम्भाव्यताले हाम्रो गाउँपालिकको सम्वृद्धि तथा विकासका लागि अवसरहरु थपेको छ । यस क्षेत्रमा बन्न लागेको ६३५ मेघावाटको नेपालकै गौरवको दुधकोशी हाइड्रो निर्माणको चरणमा छ । उक्त हाइड्रोले सबै भन्दा बढी रावाक्षेत्र प्रभावित हुँदाहुदै पनि यस गाउँपालिकाको भविष्य उज्वल छ भन्ने कुरा प्रष्ट हुन्छ । यी विशिष्ट संभाव्यताहरुको कारणले रावा बेसी गाउँपालिका व्यापारिक, व्यवसायिक, पर्यटकीय दृष्टिकोणले वसोवास योग्य स्थानको रुपमा विकसित हुने प्रचुर संभावना रहेको छ । कृषिजन्य उत्पादन, वन पैदावारका कारणले उच्च पहाडी क्षेत्र देखि वेंसि तथा खोंचहरुमा सम्म विभिन्न उत्पादन हुन सक्ने संभावना रही आएको छ ।

यस गाउँपालिका भित्रका सम्भावना र अवसरहरु पहिचान गरी सम्बृद्धि र समुन्नत गाउँ निर्माणका लागि हाम्रो अभियानलाई प्रेरणा प्रदान गर्न गाउँपालिका भित्रका मुख्य सडक मार्गहरुलाई सबै क्षेत्रमा पुर्‍याउने र सबै मौसममा मोटरएवल सडक सञ्चालन गर्न गाउँपालिकाको प्रथम प्राथमिकता रहनेछ ।त्यसै गरी गाउँ क्षेत्रका सबै गाँउ टोल वस्तीहरुमा विद्युत विस्तार गर्ने कार्यलाई तिब्रता दिइने छ । गाउँपालिका क्षेत्रमा ल्यान्ड लाइन फोनको पहूँच विस्तार गर्न आबश्यक पहल गरिनेछ । स्वास्थ्य र शिक्षाको क्षेत्रमा गुणस्तरीय एंव विश्वसनीयता प्रदान गर्न विद्यालयहरुको भौतिक र शैक्षिक वातावरणमा कडाइका साथ सुधार गर्दै लगिने छ ।  कृषि क्षेत्रको सुधारका लागि कृषि उद्यमी व्यवसायीहरुलाई प्रोत्साहन गरी कृषि उत्पादन उद्यम व्यवसाय संचालन गरी गाउँको आर्थिक सम्वृद्धिको अभियानमा सहभागी गराइने छ ।

यस गाउँपालिकाको उत्तरतर्फ ऐसेलुखर्क गाउँपालिकादक्षिण तर्फ दक्षिणतर्फ हलेसी तुवाचुङ नगरपालीका पूर्व तफ दिक्तेल रुपाकोट मझुवा गडी नगरपालिका पशिचम तर्फ ओखलढुङ्गा जिल्ला सँग सिमाना जोडिएको छ ।  गाउँपालिकाको पूर्वी क्षेत्र अर्न्तगत अग्ला पहाड, जगंल तथा महुरे गढी जस्ता पर्यटकीय दृष्टिले सम्भावना वोकेको क्षेत्रहरु पर्दछन् । यस क्षेत्रमा विभिन्न जडिबुटी समेत पईने क्षेत्र हो । यस क्षेत्रको वीच भागबाट बगेको रावाखोलाको फाँटमा अबस्थित कटहरेबेसी, हौंचुरबेसी, जलजले जस्ता उर्वराभूमिमा फल्ने चम्पासरी, दुधराज जातका धानहरु अन्य स्थानमा नपाइने र नेपालकै उत्कृष्ठ धानका जातका रुपमा परिचित छन् । यस पालिकाका विभिन्न क्षेत्रहरुमा कि.वी. आप, लिचि, सुन्तला, केरा, कागती जस्ता फलफूलको व्यबसायीक खेत गर्न सकिने प्रसस्त सम्भावना रहेको र विभिन्न जातका तरकारीका साथै माछा पालन आदिको दृष्टिबाट प्रचुर मात्रामा सम्भावना वोकेको क्षेत्रहरु हुन ।

गाउँपालिका भित्र धार्मिक, सांस्कृतिक, ऐतिहासिक सम्पदाहरु दृष्ट्रिकोणबाट हेर्दा पनि महत्वपूर्ण गुफा, मन्दिरहरु र ऐतिहासिक सम्पदाहरु रहेका छन् । भिमेश्वरी  कालिका मन्दिर,भस्मे महादेब गुफा,गुप्तेश्वर बहादेब,कोटगडी स्थल,जुडिमहादेब,जोगिडाँडा मंगला देवि मन्दिर,साकेला थान,किरातेश्वर मामखिम मन्दिर जस्ता धार्मिक स्थलहरु प्रसस्त मात्रामा रहेका छन । यस्ता धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्वका सम्पदाहरुको संरक्षण र सम्वद्धर्न गर्न गाउँपालिकाको प्रमुख दायित्व हुनेछ ।

नेपाल सरकारबाट प्राप्त हुने बित्तिय समानिकरण, शसर्त अनुदान, प्रदेश सरकारबाट प्राप्त हुने बित्तिय समानिकरण, शसर्त अनुदान, गाउँपालिकाको आन्तीरक आय, विकास साझेदार र राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाबाट प्राप्त हुने रकम समेतलाई एकीकृत गरी सबैबर्ग र क्षेत्रमा विशेषगरी गरिब,महिला बालबालिका,सामाजिक एबं आर्थिक दृष्टिकोणबाट पिछडीएका बर्ग र समुदाय एबं क्षेत्रको पहुँच र स्वामित्व रहने गरी श्रोत साधनको अधिकतम परिचालन गदै सन्तुलित र समान तवरबाट सहज र सरल रुपमा सेवा सुबिधा उपलब्ध गराउन एबं त्यस्ता सेवा सुबिधालाई मितव्ययी, सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समाबेसी, न्यायोचित दिगो र गुणस्तरयुक्त गराउदै गरिबी न्यूनिकरण र दिगो विकासको लागि श्रोत साधनलाई व्यवस्थित गर्ने नीति अबलम्बन गदै गाउँपालिकाले आफ्ना क्रियाकलाप अगाडी बढाइने ब्यहोरा अनुरोध गर्दछु ।

अब म रावा बेसी गाउँपालिकाले आ.व. २०७५/७६ मा गरेका प्रमुख  उपलब्धिहरुको समिक्षा गर्न गइरहेको छु ,

- रावा बेसी गाउँपालिका आफ्नै भवनमा सरेको छ । दैनिक कार्य सञ्चालमा निकै कठीन भइरहेको अवस्थामा छोटो समयमा नै आफ्नै भवनमा सर्न पाउदा गाउँपालिका परिवार गौरावान्दित भएका छौं । आफ्नै भवन हुने थोरै गाउँपालिका मध्ये रावा बेसी पर्ने कुरा अवगत गराउन चाहान्छु ।
- प्रदेश सरकारको शसर्त अनुदान सहयोगमा मुख्य राजमार्गसँग जोडिने पालिकाकै गौरवको विजुले–लेकखर्क–दुवेकोल–ऐसेलुखर्क सडकको खार्पा जिरो पोइन्नसम्म स्तरोन्तीको काम भएको छ भने खार्पा जिरो पोइन्ट देखि रावा खोला सम्म गाउँपालिकाले स्तरोन्ती सम्पन्न गरेको छ ।
- वडाका गौरवका सडकहरुको स्तरोन्नतीको काम गरिएको छ ।
- विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि गाउँपालिकाका सबै मा.वि.र सबै आधारभूत विद्यालयहरुमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरु, वि.व्य.स. अध्यक्ष, प्रधानाध्यापक शिक्षा शाखा प्रमुख लगायतको संयूक्त टोलीबाट भ्रमण अवलोकन गरिएको यसबाट शिक्षक र विद्यार्थीमा निकै राम्रो प्रभाव छोड्न सफल भएको ।
- गाउँपालिभित्रका  सबै विद्यालयहरुका २, ५ र ८ कक्षाको परिक्षा गाउँपालिकाले लिने काम गरेको छ यसबाट विद्यालयको परीक्षा प्रणालीलाई सुधार गर्ने प्रयत्न गरिएको छ ।द्य
- एक विद्यालय एक शिक्षक कम्प्युटर तालिम दिई शिक्षक शिक्षिकाहरुलाई कम्प्युटरमा दक्ष बनाउदै लाने कार्यको थालनि भएको छ भने अंग्रेजि, गणित र विज्ञान विषय शिक्षकहरुलाई विषयगत शिक्षक तालिम प्रदान गरिएका छ । यसबाट शिक्षक शिक्षिकाहरुलाई पठनपाठनमा मनोवल बढ्ने र आफ्नो पेशामा हौसला प्राप्त हुने विश्वास लिइएको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत यस गाउँपालिकाका १०२ जना बेरोजगार युवाहरुलाई प्रत्यक्ष रोजगारी प्राप्त भएको छ । यसबाट गाउँपालिका भित्रका सडकहरु नियमित मर्मत सम्भव भएको छ ।
- गाउँमा बेरोजगार भै भौतारी रहेका रुलाई शिप सिकेर रोजगारी प्राप्त हो भन्ने हेतुले ३७ जना युवाहरुलाई ७० प्रतिशत गाउँपालिकाको र ३० प्रतिशत सम्बधित युवाहरुको लगानीमा गाउँपलिकाको लामिडाडा र हरमटार गरी दुइ स्थानमा ४० दिनको हलुका सवारीचालक तालिम प्रदान गरिएको छ ।
- गाउँपालिकाको आयोजनामा ढाका बुनाइ तालिम कुभिण्डेमा सम्पन्न गरिएको छ ।
- विद्यालयमा ई-हाजिरीको माध्यमबाट शिक्षक शिक्षिकाहरुलाई समयपालना र अनुशासित बनाएको यसबाट नियमित पठनपाठन हुन सम्भव भएको छ ।
- ६० बर्ष भन्दा माथिका जेष्ठ रकहरुलाई प्रत्यक वडाबाट जेष्ठनागरिक परिचयपत्र वितरणको काम गरिएको यसबाट जेष्ठनागरिक प्रति सम्मान प्रकट भएको छ ।
- अपाङ्गको बर्ग छुट्याई अपाङ्ग परिचय पत्र सहज र सुलभ तरिकाले वितरण गर्ने काम भएको छ ।

- प्रदेश माननिय सदस्य, प्रदेश सरकारको आर्थिक सहयोग र यस गाउँपालिकाको समेत लगानीमा रावा बेसी गाउँपालिकालाइ थोतामुक्त गाउँपालिका बनाउने अभियान स्वरुप दन्त शिविरको आयोजना गरि जम्मा ४४५ जनालाई सेवा दिने काम भएको छ ।
- महिलामाथि हुने विभिन्न प्रकारका महिला हिंसा न्यूनिकरणका लागि सडक नाटक माध्यमबाट सूचना प्रवाह गर्न मा.वि.स्तरिय सडक नाटक सम्पन्न गरिएको छ ।
- न्यायिक काम कारबाहीलाई छिटो छरितो कानुनसम्वत सम्पादन गर्नको लागि न्यायिक समितिका सम्पूर्ण सदस्यलाई न्यायिक समिति क्षमता अभिवृद्धि तालिम प्रदान गरिनुका साथै सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीलाई समेत कानूनि सचेतनामूलक तालिम प्रदान गरिएको छ ।
- सबै वडाहरुमा मेलमिलाप केन्द्र गठन गरिएको छ । यसबाट साना तिना विवाद आ-आफ्नो टोलमा नै समाधान हुने विश्वास लिइएको छ
- रावा बेसी गाउँपालिकामा दर्ता भै हाल निश्क्रिय रहेका सहकारीहरुलाई सक्रिय गराउन सहकारी तालिम प्रदान गरिएको छ ।
- सम्पूर्ण कृषकहरुको आ-आफ्ना कृषि उपजको बजारिकरण गर्न हौंसला प्रदान गर्ने उद्देश्यले पालिकास्तरिय कृषिमेला पदर्शनि गरिएको छ ।
- सबै वडा कार्यालयहरुले आ-आफ्नो वडाका टोलटोलमा ३ पटक सम्म घुम्ति शिविर गरी वृद्ध भत्ता वितरण लगायतका अन्य विभिन्न सेवा दिने काम भएको छ ।
- गाउँपालिका र हेल्भिटास सस्थाको साझेदारीमा कृषि क्षेत्रमा थुप्रै कामहरु भएका छन् । शत प्रतिशत अनुदानमा बोयलर कुखुराका चल्ला, बंगुर र उन्नत जातका बोकाहरु विभिन्न जातका फलफूलका विरुवा, उन्नत जातका धानका विउहरु वितरण गर्ने काम गरिएको छ ।
- विदेश गएर फर्किएका युवाहरुले स्वदेशमा नै बसि कृषि र पशुपालन क्षेत्रमा केही काम गरुन भन्ने उद्देश्यले १० जना युवाहरुलाई ५० प्रतिशत अनुदानमा ५० हजारका दरले अनुदान दिने काम भएको छ ।
- प्रदेश सरकारको सहयोगमा स्टेडियम सहितको पालिका स्तरिय खेल मैदानको निर्माण कार्य प्रारम्भ भइसकेको छ ।
- त्यसैगरि प्रदेश सरकारकै सहयोगमा डुम्रेधारापानीको भोर्लेनिमा लिफ्टिङबाट खानेपानी निर्माणको कार्य प्रारम्भ भएको छ यसको लागत ९ करोड ११ लाख ६ हजार लाग्ने छ भने गाउँपालिकाको आफ्नै लगानीमा सोही ठाउँको खहरे खोलाको मुहानबाट खानेपानीको लिफ्टिङको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ यो योजनाबाट तत्कालै उक्त भोर्लेनी क्षेत्रको खानेपानीको कहाली लाग्दो अबस्थाबाट मुक्ति दिलाइ राहत दिइने छ ।
- गाउँपालिकाका विद्युत नपुगेको क्षेत्रको लागि पोलको व्यवस्था गरिएको छ ।

अव म रावा बेसी गाउँपालिकाको आ.व.२०७६/७७ का प्रमुख नीति तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु :

**<u>दिर्घकालिन सोचः</u>**

आर्थिक समबृद्धि सुशासन पर्यटकीय सहितको व्यापारिक व्यवसायिक तथा बसोवास योग्य हरित आधुनिक गाउँपालिका निर्माणको आधार तयार गर्ने ।

**<u>लक्ष्यहरुः</u>**

- सुशासन सहित भ्रष्टचार रहित गाउँपालिकाको स्थापना ।
- सवैखाले विभेद तथा हिंसाको नियन्त्रण तथा अन्त्य गर्ने ।
- रावा बेसी गाउँपालिकालाई ३ वर्ष भित्र पूर्ण साक्षर गाउँ वनाउने ।
- गाउँपालिकावासीलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने ।
- पर्यटनका सम्भाव्य क्षेत्रलाई सडक सञ्जालसँग जोडि पर्यटन प्रवद्धन गर्ने ।
- सहकारीहरु मार्फत कृषिजन्य बस्तुहरुमा आत्मनिर्भर वन्ने ।
- गाउँपालिकाका विद्यालयहरुलाई गुणस्तरीय एवं वालमैत्री सिकाई केन्द्रको रुपमा स्थापित गर्ने ।
- अर्थिक, सामाजिक, सांस्कृतिक रुपमा समृद्ध बनाई जनताको जीवनस्तरमा सुधार गर्ने र समानुपातिक न्याय स्थापना गर्ने ।

यस सम्मानित सभामा उपस्थित सम्पूर्ण सदस्य ज्यूहरु,

आ.ब. २०७६/७७ का प्रमुख नीति तथा प्राथमिकाताका क्षेत्रहरु प्रस्तु गर्ने अनुमति चाहान्छु ,

- यस रावा बेसी गाउँपालिकाबाट मध्येपहाडी लोकमार्गसँग जोड्ने यस गाउँपालिकाको मुख्य सडक विजुले-लेकखर्क-दुवेकोल-ऐसेलुखर्क सडकको डि.पी.आर. कार्य सम्पन्न भइसकेको हुँदा प्रदेश सरकारको सहयोगमा स्तरोन्नतीको काम शुरु भइसकेकोले प्रदेश सरकार र केन्द्र सरकारकासहयोग र गाउँपालिकाको समेत लगानीमा स्तरोन्नती र कालोपत्रे गर्ने कार्यलाई विशेष जोडका साथ अगाडी बढाइने छ ।
- कुभिण्डे-नुनथला सडकको स्तरोन्नतीको काम यस आ.व.मा सम्पन्न गरिने छ । कालोपत्रेको लागि प्रदेश सरकार, केन्द्र सरकारसँग अनुरोध गरिने छ ।
- लामिडाडा चिउरीबास सडक, खार्पा माहुरे सडक, रावा खोला डुम्रेधारापानी सडक, हौंचुर हर्लुङ सडकको स्तरोन्नतीको कामलाई निरन्तरता दिइने छ ।
- यस गाउपालिकाको उपयूक्त स्थानको पहिचान गरी १५ शैयाको अस्पतालको लागि आबश्यक पहल गरिने छ ।

- गौरवका आयोजनाहरुलाई विशेष प्राथमिकतमा राखिने छ ।
- स्थानीय बासिन्दाहरुलााई बर्षातको समयमा पनि आवातजावतमा सुविधा पुऱ्याउनको लागि अति आबश्यकयि खोला खोल्सीमा झोलुङ्गे पुल बनाउन विशेष पहल गरिने छ ।
- गाउँपालिकाका सबै वडाहरुमा विद्युतका काठे पोल विस्थापित गरी फलामे पोल मार्फत केन्द्रिय विद्युत लाइनबाट विद्युत बिस्तार गरी सबै नारिकहरुलाई उज्यालो प्रदान गर्ने कार्य यसै आ.व.मा सम्पन्न गरिने  छ ।
- गाउँपलिका भित्रका सबै फुसका छानाहरुलाई विस्थापन गर्ने नीति अवलम्बन गरिने छ । यसका लागि यसै आ.व.बाट गरिव घर परिवार पहिचान गरी प्राथमिकताका आधारमा क्रमश गरिदै लगिने छ ।
- पर्या पर्यटनको विकासको लागि उपयूक्त स्थानको पहिचान गरी ViewTower निर्माण कार्य यसै आ.व. मा गरिने छ ।
- प्रत्यक प्रा.वि. विद्यालयहरुको कामकारबाही कम्प्युटरको माध्यमबाट होस भन्ने अभिप्रायले प्रत्यक विद्यालयलाई कम्प्युटर र प्रिन्टर उपलब्ध गराइने छ ।
- सबै विद्यालयमा वातावरणीय हिसावले पठनपाठनमा सहयोग पुगोस भन्ने उद्देश्यले विद्यालय क्षेत्र भित्र विभिन्न जातका फूल र हरियाली जातका विरुवा रोपी हरियाली विद्यालय बनाउन आबश्यक बजेटको व्यवस्था गरिने छ ।
- शैक्षिक गुणस्तर वृद्धि गर्न एक विद्यालय एक शिक्षक कम्प्युटर तालिम दिई कम्प्युटरमा दक्ष बनाउदै लाने अंग्रेजि, गणित र विज्ञान विषय शिक्षकहरुलाई विषयगत शिक्षक तालिम प्रदान दिने कार्यलाई यस आ.व.मा पनि निरन्तरता दिने नीति लिईनेछ ।
- यस गायउँपालिका स्थित मा.वि.हरुका १० कक्षामा अध्ययनरत विद्यालयका विद्यार्थीको पठन पाठन सुधार गर्न कोचिङ क्लासको लागि आबश्यक बजेटको व्यवस्था गरिनेछ ।
- गाउँपलिका स्थित सबै सामुदायिक विद्यालयका १ देखि ५ कक्षाका विद्यार्थिहरुलाई दिवा खाजाको व्यवस्थाको लागि आवश्यक वजेट विनियोजन गरिने छ । यस बाट विद्यार्थि भर्ना दरलाई वृद्धि गर्ने र वालवालिकाको स्वास्थ्यमा समेत सुधार आउने विश्वास लिईएको छ ।
- हलुका सवारी चालक तालिमलाई यस आ.ब.मा पनि निरन्तरता दिइने छ । रावा बेसी गाउँपालिकाका ६० युवायुवतिलाई यो अबसर प्राप्त हुनेछ ।
- सबै सामुदायिक विद्यालयका लागि खानेपानीको समस्या समाधानको होस भन्ने उद्देश्यले १/१ वटा हिल टैंक उपलब्ध गराउन आबश्यक बजेटको व्यवस्था गरिने छ ।
- महिला स्वंयसेविकाहरुलाई प्रोत्साहन भत्ता र सुत्केरी भेटघाट तथा पोषणकार्यक्रमका लागि आबश्यक बजेटको व्यवस्था गरिने छ ।
- घरेलु शिपको विकास गरी साना उद्योग खोल्न प्रेरणा पुऱ्याउने हेतुले ढाका बुनाइ तालिमलाई निरन्तरता दिइने छ ।

❖ यस गाउँपालिका भित्रका वर्षभरिमा उत्कृष्ठ काम गर्ने कर्मचारी, शिक्षक शिक्षिका, स्वस्थ्य कर्मि, उद्यमि, कृषक, महिला स्वंमसेविका लगायतका विभिन्न क्षेत्रमा काम गर्ने व्यक्तिहरुमध्ये १/१ जनालाई पुरस्कारको व्यवस्थाको लागि आबश्य बजेटको व्यवस्था गरिने छ ।

अब म यस सम्मानित सभामा क्षेत्रगत नीति कार्यक्रम तथा आधारहरु प्रस्तुत गर्न चाहान्छु ।

## सार्वजनिक सेवा तथा क्षमता विकास नीतिः

### क)कर्मचारी व्यवस्थापन

(१)कर्मचारी प्रशासन सम्बन्धि विनियमावली निमार्ण गरी लागु गर्ने । संगठन संरचना दरवन्दि र कार्यविबरण तयार गरी लागु गर्ने, सुशासन र सेवा प्रवाहमा जोड दिने,कर्मचारीलाई क्षमता विकास गर्न तालिमहरु संचालन गर्ने ।

२)कार्यालयमा कार्यरत कर्मचारीहरुको कार्य विवरण अध्यावधिक गरी कार्यसम्पादन सम्झौतालाई निरन्तरता दिदै कार्यालयको कामलाई सेवाग्राही मैत्री एवम जनमूखी बनाईने छ ।

३) कर्मचारी प्रशासनलाई जनताप्रति जबाफदेही र उत्तरदायी तुल्याउन दण्ड र पुरस्कारको नीति अवलम्बन गरीने छ । जस अन्तर्गत कर्मचारीको व्यक्तिगत फायलमा जनीने गरी कर्मचारीहरुलाई पुरस्कृत गरिने छ ।

४) कार्यालयको कार्यबोझ, विद्यमान कर्मचारीको संख्या र नागरिकहरुको सेवा प्राप्तीका अपेक्षा वीच सन्तुलन कायम गर्न कार्यालय समय र सो भन्दा बाहेक पनि काम गर्नुपर्ने देखिन्छ । यसरी कार्यालय समय भन्दा बाहेक थप काम गर्ने र सार्वजनिक विदाको दिन काम गर्ने कर्मचारीलाई कार्यसम्पादनको आधारमा प्रोत्साहन भत्ता उपलब्ध गराउने गराइने छ ।

५) समय सापेक्ष रुपमा बढदो नविनतम प्रविधि र कार्यविधि, प्रकृया सम्बन्धमा कर्मचारीलाई अद्यावधिक गराउदै लैजान र उत्कृष्ट गाउँपालिकाहरुको कार्य सन्दर्भमा जानकारी गराउन कर्मचारीहरुलाई अनुभव आदान प्रदान गर्न अवलोकन भ्रमणको शुरुवात गरिने छ ।

### ख)सुशासन

१) गाउँपालिकाको प्रत्येक गतिविधिलाई पारदर्शी, उत्तरदायी, जनमुखी बनाउने नीति लिईनेछ ।

२) गाउँपालिकाको आफ्नै वेवसाईड (www.rawabesimun.gov.np)संचालनमा ल्याई सकिएको र गाउँपालिकाका गतिविधीहरुलाई वेवसाईड मार्फत समेत सार्वजनिक गर्ने कार्य प्रारभ्भ भइसकेको हुँदा सबै प्रकारका सूचनाहरु Website मा राख्ने व्यवस्था मिलाइनेछ साथै सूचना केन्द्रको स्थापना र विकास गर्ने नीति अवलम्बन गरीने छ ।

३) छिटो छरितो सेवा प्रदान गर्न कार्यालयमा हेल्प डेक्सको व्यबस्था गर्ने र निशुल्क फारमहरु उपलब्ध

गराउने व्यवस्था मिलाईने छ ।

४)गाउँपलिकाले आफ्ना गतिविधीहरुको सन्दर्भमा सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षण गर्ने साथै बार्षिक रुपमा सरोकारवालाहरुको समेत उपस्थितिमा बार्षिक समिक्षा गर्ने र समिक्षाबाट आएका सुझावहरुलाई आत्मसाथ गर्दै थप सुधार गरी अगाडि बढने नीतिलाई निरन्तरता दिईनेछ ।

५)गाउँपालिकाको काममा सहजता प्रदान गर्न गुनासो पेटीका र नागरिक बडा पत्रलाई सबैले देख्ने गरी व्यवस्थित गरिने छ । कार्यालयको सूचनाहरुलाई डिजिटलाईज्ड गरि  प्रसारण गर्नेकार्यलाई निरन्तरता दिइने छ ।

६) First Come First Service को व्यवस्थाका लागि टोकन प्रणालीबाट सेवा प्रवाहको व्यवस्था मिलाईनेछ ।

७) गाउँपरिषदबाट स्वीकृत गरेका राजश्वका दररेटहरु र आयोजनाहरुको विवरण साथै गाउँपालिको बनएका कानुनहरु पुस्तक प्रकाशन, रेडियो रपत्रिका मार्फत सार्वजिनक गर्ने नीति अवलम्बन गरीने छ ।

८)आयोजनाहरुको आयोजना स्थलमा नै सार्वजनिक जानकारीकको लागि तीन लाख भन्दा माथिको आयोजजनाहरूमा होडिङ बोर्ड राख्ने व्यवस्थालाई कडाइकासाथ निरन्तरता दिइने छ ।

९) जनताहरुलाई उनीहरुको घरदैलोमा सहज र सुलभ सेवा प्रवाह गर्न एकिकृत घुम्तिसेवाबाट सेवा दिईने छ ।

१०)सामाजिक सुरक्षा भत्ता विवरण अद्यावधिक गर्दै कम्प्यूटर प्रणालीमा व्यवस्थित गर्ने र बैंकबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्ने निति अवलम्वन गरिने छ ।

११) गाउँपालिका क्षेत्र भित्र जनस्वास्थ्यलाई प्रतिकूल असरपर्ने वस्तु विक्रि वितरणलाई रोक लगाउने नीति अबलम्बन गरीनेछ ।

१२ )सार्वजनिक जग्गाहरुको विवरण तथा लगत अध्यावधिक गरी सोको संरक्षणमा सरोकारवालाहरुसँग सहकार्य गर्ने नीति अवलम्बन गरीने छ। सार्वजनिक सम्पत्तीको संरक्षण गरिने छ ।

## आर्थिक विकास नीतिः

### क) कृषि तथा पशुपन्छि विकास

१) कृषि क्षेत्रको योजनाबद्ध विकास गर्नको लागि कृषि आबधिक योजना निर्माण गरी कृषि तथा पशुपंक्षी विकासका सम्पूर्ण कार्यक्रमलाई सोहि अनुसार अघि बढाइनेछ ।

२) रावा वेसी गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउन कृषि नीति तयार गरी सोहि नीतिका आधारमा कृषिमा लगानी गर्दै जाने व्यवस्था मिलाईने छ ।

३) कृषि सम्बन्धि आयआर्जन गर्ने कार्यक्रमहरुलाई प्राथमिकता दिईनेछ । निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक कृषि प्रणालीतर्फ उन्मुख गर्ने नीति लिईनेछ ।

४) गाउँपालिकालाई माछा मासु तथा दुधमा आत्मनिर्भर बनाउन माछा पालन, कुखुरा पालन, वाख्रा पालन, वंगुरपालन, गाइभैसी पालन आदि क्षेत्र पहिचान गरी व्यवस्थापन गरिने ।

५) उन्नत जातका पशुपालनमा प्रोत्साहित गरिनेछ । यसका लागि कृषकहरुलाई निश्चित प्रतिशत अनुदान दिने नीति लिईनेछ ।

६) कृषि सहकारितालाई प्रोत्साहित गरिनेछ । यसलाई उत्पादकत्व वृद्धिको आधार बनाईनेछ । कृषकहरुबाट उत्पादित वस्तुहरुको वाह्रै महिना भण्डारण हुन सकोस भन्ने उद्देश्यले गाउँपालिका क्षेत्रको उपयूक्त स्थानमा सार्वजनिक नीजि साझेदारीमा शीत भण्डार स्थापना गर्न पहल गरिनेछ ।

७) गाउँपालिका सबै वडाहरुमा आधुनिक खेती गर्ने कृषकहरुलाई विउमा ५० प्रतिशत अनुदान दिने नीति लिईने छ  भने गाउँपालिका क्षेत्र भित्र उपयूक्त ठाउँ छनौट गरी विउमा आत्मनिर्भर गर्नका लागि विजवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ र सोका लागि कुल विउमा १०० प्रतिशत अनुदान दिने साथै कृषि मल, औजार उपकरण प्रविधिमा समेत अनुदान दिने नीति लिईनेछ ।

८)भु-उपयोग नीति निर्माण गरी माटो परिक्षणका आधारमा कृषि पकेट क्षेत्र निर्धारण गर्ने र सोही आधारमा व्यवसायिक खेती प्रणलीको लागि एकीकृत रुपमा सुविधा विस्तार गरि यस क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न कार्यक्रम संचालन गरिनेछ

९)गोठ सुधार र कम्पोष्ट मलमा कृषकहरुलाई आबश्यक अनुदानको व्यवस्था मिलाई सहयोग गरिने छ ।

१०)यस गाउँपालिका भित्र कृषि उत्पादनलाई प्रोत्साहित गर्न एक गाँउ एक उत्पादनलाई प्रोत्साहित गरी गाउँपालिकाकोपहिचानका लागि बजारीकरण गर्ने नीति लिईनेछ ।

११)गाउँपालिकालाई तरकारीमा आम्मानिर्भरर बनाई तरकारी फलफूल आदि निर्यात गर्ने लक्ष्यका साथ सवैखाले तरकारी खेतीलाई प्रोत्साहन गर्ने प्रविधिमा सहयोग गरिनेछ ।

१२) फलफूल खेतिलाई प्रोत्साहन गर्न फलफूल सुहाउदो क्षेत्रलाई पकेटक्षेत्र निर्धारण गरी विरुवामा अनुदान दिईने नीतिलाई निरन्तरता दिइने छ ।

१३) मौरीपालन कार्यक्रमलाई प्रोत्साहन गरिने छ ।

**ख) राजश्व प्रशासन**

१) गाउँपालिकाको सम्पूर्ण लेखा र राजश्वको कारोवारलाई पारदर्शी एवंउत्तरदायी बनाउने नीतिलाई निरन्तरता दिईनेछ ।

२) गाउँपालिकामा सवैभन्दा बढि व्यवसाय कर तिर्ने अधिकतम १ जना,  समग्रमा सबभन्दा बढि कर तीर्ने १ जना करदातालाई बार्षिक रुपमा सम्मान गर्ने नीति अवलम्बन गरिनेछ ।

३) गाउँपालिकालाई तिर्न, बुझाउनु पर्ने कुनै पनि प्रकारका राजश्व बक्यौता भएको वा बेरुजु भएका व्यक्ति, संघसंस्था, फर्म, कम्पनीलाई बक्यौता नवुझाएसम्म वा फर्छ्यौट नगरेसम्म गाउँपालिकाले प्रवाह

गर्ने कुनै पनि प्रकारका सेवा उपलब्ध नगराउने नीति कडाईका साथ अवलम्बन गरीनेछ ।

४)लेखा परीक्षणबाट देखिएका सैद्धान्तिक बेरुजुलाइ फर्छ्यौट गरी कानूनी रुपमा सुधारमुलक बनाईनेछ ।

५) गाउँपालिकाको आर्थिक मेरुदण्डको रुपमा आन्तरिक राजश्व प्रणालिलाई फराकिलो बनाउदै लगिने छ । यसका लागि कर प्रशासनलाई चुस्त दुरुस्त र करदाता मैत्री बनाउका लागि गाउँपलिका स्थित विगत लामो समयदेखि व्यवसाय दर्ता एवं नवीकरण नगराई संचालन गरिरहेकासबै उद्योगी/ व्यबसायीहरुलाई करको दायरामा ल्याइ अन्य सरोकारवाला निकायहरुसँग समन्वय गरी राजश्वको दायरा फराकिलो पार्ने, नयाँ करका क्षेत्रको खोजिका लागि राजश्व परमार्श समिति र उपसमितिलाई कृयाशिल बनाइने छ ।

६) गाउँपालिकाबाट स्वीकृत भएका करका दरहरुलाई वस्तुनिष्ठ एवं वैज्ञानिक बनाउदै लगिने छ । साथै राजश्व संकलन र परिचालन कार्यलाई व्यवस्थित बनाउन विभिन्न क्षेत्रको अध्ययन, अवलोकन, सरोकारवाला निकायसँग छलफल र परमार्श गरी गाउँपालिको राजश्व संकलन र परिचालन नियमावली तर्जुमा गर्ने कार्यलाई अगाडी बढाईने छ ।

७) गाउँपालिका क्षेत्रभित्र प्रवेश गर्ने सम्पूर्ण सवारीहरुको सवारीकर लिने व्यवस्था मिलाईने छ ।

**ग) उद्योग धन्दाः**

१) संघिय सरकारले अघि सारेको औद्योगिक ग्रामको स्थापनाको कार्यलाई नीजि क्षेत्रको सहकार्यमा अगाडी बढाइने छ ।

२) स्थानीय सीप, स्रोत र साधनको प्रयोग हुने घरेलु तथा साना उद्योगहरुको सञ्चालन र विस्तारमा आबश्यक सहयोग र प्रोत्साहन गरिने छ ।

**घ) सहकारी, गरिबी न्यूनीकरण तथा उधमशिलता विकास**

१) आर्थिक गतिविधि बढाई रोजगार र आयआर्जन बृद्धि गर्ने
२) प्रधानमन्त्री रोजगार कार्यक्रमलाई गाउँपालिका स्थित संघसंस्थाहरुको समन्वयमा तोकिएका सबै क्षेत्रमा कडाइकासाथ लागू गरिने छ ।
३) सहकारी संस्थाहरु स्थानीय तहमा हस्तान्तरण भई आइसकेको अबस्थामा सरकारको ३ खम्बे नीति अनुसार गाउँ क्षेत्र भित्र सञ्चालनमा रहेका सहकारी संस्थारुलाई रोजगारी उन्मुख बनाउने तर्फ आवश्यक पहल गरिने छ । सहकारीको गुणात्मक क्षमतामा वृद्धि गर्न प्रोत्साहन, सञ्चालनमा सहयोग र नियमन गर्ने नीति लिइने छ । सहकारीताको व्यवस्थापनमा एकरुपता कायम गर्नका लागि गाउँपालिकास्तरिय सहकारी सञ्जाल निर्माणमा पहल गरिनेछ ।

४) गाउँपालिका क्षेत्रभित्र कुनै पनि गै.स.संस्थाहरुले कार्यक्रम सञ्चालन गर्नु पूर्व अनिवार्य रुपमा गाउँपाकिबाट अनुमती लिनु पर्ने व्यवस्थालाई काडाईका साथ लागू गरिनेछ ।

५) गैह्र सरकारी संस्थाहरुलाई कार्यक्रम सञ्चालनको अनुमति दिदा विकास र चेतनाको दृष्ट्रिले पिछडिएको क्षेत्रहरुमा सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

६) विपन्न लक्षीत समुहका लागि आयमुलक तथा सीपमुलक कार्यक्रम गै.स.स. समेतको समन्वय र साझेदारीमा संचालन गरिनेछ। सहभागिताको माध्यमबाट ग्रामिण गरिबी न्यूनीकरण एवं सामाजिक पूंजी निर्माणमा जोड दिइनेछ।

७) अति गरिवहरुको पहिचान गरि निजहरुलाई आयआर्जनका कार्यक्रम दिई खानेपानी , वैकल्पिक उर्जा समेत उपलब्ध गराई निजहरुको जीवनस्तर उकास्न यसै आ.व बाट कामको थालनि गरिनेछ । साथै कृषि सहकारी हरुको माध्यमबाट गरिवी निवारण गर्ने कार्यक्रम अगाडी बढाईनेछ।

८) लघु उधमको विकासको माध्यमबाट गरिबी निवारण गर्न चालु आ.व. देखि गरिबी निवारण कार्यक्रम संचालनमा जोड दिइनेछ।

## घ) बन, वातावरण तथा विपद ब्ययवस्थापन

१) विकासका पूर्वाधार कार्यक्रम संचालन गर्दा रुख विरुवा रोप्ने कार्यक्रम संचालन गर्नेनीति अबलम्बन गरिने छ।

२) सामुदायीक बन उपभोक्तासँग समझदारी र संझौता गरी बन, क्षेत्रको संरक्षण तथा सम्वर्द्धन गर्नका लागि वृक्षारोपण गर्ने नीति अवलम्बन गरिने छ।

३) गाउँपालिकाको बन क्षेत्र किटान गरी व्यबस्थित गर्दै लगिनेछ।

४) वाताबरण संरक्षण लाई आयोजनाको अंग बनाई बातावरणीय क्षेति कम हुने गरी आयोजना संचालन गरिने छ।

५)जलाधार संरक्षण र भूमिगत जलश्रोतको संरक्षण एवं दिगो उपयोगलाई प्रवर्द्धन गरिनेछ।

६) स्वच्छ वातावरण रजलबायू अनूकुलित विकास व्यवस्थापन गर्न स्थानीय सरोकारवाला तथा उपभोक्ता समितिलाई अभिमुखीकरण र सचेतना कार्यक्रम संचालन गर्ने नीति अवलम्वन गरिनेछ।

७) फोहोरमैलालाई ब्यवस्थित गर्ने गाउँको सौन्दर्यता सम्बन्धि विकास गर्ने, वन संरक्षण गर्ने नितिलाई अवलम्वन गरिने छ।

८) विपदको पुर्व तयारी गर्ने विपदको ,समयमा गर्नुपर्ने कामहरुको लागत तयार गर्ने ,विपद पछाडीको ब्यवस्थापन गर्ने सम्बन्धि नितिलाई कढाईका साथ लागु गरिनेछ।

९) भुमिलाई भु उपयोग नीति अनुसार जग्गाको ब्यवस्थान गरी वस्ति विकास तथा शहरीकरणमा जोड दिई वांकी रहेका जग्गाहरुको सम्भाव्यता अध्ययन गरि ब्यवायिक कृषि तथा पर्यटन उद्योगहरुको विकास गर्ने नीति अवलम्वन गरिनेछ।

१०) गाउँपालिका प्रत्येक वडाहरुमा विपद पूर्वतयारी र योजना निर्माण गरी कार्यान्वयन गरिनेछ।

११) विपदको समयमा उद्धार गर्न युवा जनशक्तिलाई विपद पूर्वतयारी र उद्धार सम्बन्धि तालिमको व्यवस्था मिलाईनेछ। विपदको समयमा छिटो माध्यमबाट सर्वसाधरणलाई सूचना दिने व्यवस्था मिलाईनेछ।

१२) सबै वडाहरुमा दमकलको आवात जावत गर्न सक्ने गरी बाटोको मापदण्ड तोकिने छ।

१३) गाउँपालिकामा विपद व्यवस्थापन कोषको स्थापना गरी यस कोषमा विभिन्न संघ, संस्था, गाउँपालिकाबासी कर्मचारी, निजी क्षेत्र अन्य दातृ निकाय गैर आवासिय व्यक्तिहरु सबैमा सहयोगको लागि आव्हान गरिने छ। यस कोषबाट आबश्यकता अनुसार विपदसँग सम्बन्धित विषयमा खर्च गरिनेछ।

## सामाजिक विकास सम्बन्धि निति :

### क) शिक्षा सम्बन्धि

१) विद्यालय भर्नादरलाई शत प्रतिशत पुऱ्याउने साथ रावा बेसी गाउँपालिकालाई पूर्ण साक्षर बनाउने तर्फ विषेश पहल गरिनेछ।

२) सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर बढाउनका लागि शिक्षकहरुलाई तालिमको व्यवस्था मिलाईने छ भने विद्यालयमा सूचना मैत्री विद्यालय व्यबस्थापन गर्नका लागि विद्यालयमा ICT, E-Library को स्थापना, नेट-इन्टरनेटको व्यवस्थाको लागि कार्यक्रम बनाई चरणबद्ध रुपमा कार्यान्वयन गर्न जोड दिईनेछ साथै नेटको मासिक शुल्कमा ५० प्रतिशत अनुदान दिने नीति समेत अबलम्वन गरिने छ।

३) विद्यालयमा भौतिक पूर्वाधार निर्माण गर्दा अपांग मैत्रि कक्षा, कोठा, धारा, शौचालय आदि समेत वालवालिका मैत्रि बनाउन जोड दिइने छ।

४) राम्रो काम गर्ने शिक्षकलाई पुरस्कृत र गलत काम गर्ने शिक्षकलाई दण्ड  नीति अवलम्बन गरिने छ

५) गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा संचालित वालविकास केन्द्रहरुलाई प्रभावकारी रुपमा संचालन गर्नुका साथै वाल शिक्षिकाहरुलाई प्रोत्साहीत गर्न आबश्यक बजेटको व्यवस्था गरिने छ।

६) विद्यालयहरुलाई प्रविधि मैत्री बनाउदै लगिने छ। कप्युटर प्रिन्टर नभएका विद्यालयहरुलाई कप्युटर प्रिन्टर उपलब्ध गराउन बजेटको व्यवस्था गरिने छ।

७) सामुदायीक विद्यालयहरुमा विद्यार्थि संख्याको आधारमा दरवन्दि मिलानको कार्यलाई निरन्तरता दिइने छ भने विद्यार्थि संख्या अत्यन्त न्यून भएका विद्यालयहरुलाई पायक पर्ने स्थानमा मर्ज गरी यातायातको सुविधाको लागि पहल गरिने छ।

### ख) स्वास्थ्य तथा सरसफाई

१) हाल गाउपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका स्वास्थ्य चौकि, उपस्वास्थ्य चौकि र स्वास्थ्य केन्द्रको पूर्वाधार सुधार गर्दै लगिनु साथै सबै स्वास्थ्य संस्थाहरुमा प्रसुति सेवालाई सहज र सुलभ बनाउने तर्फ आबश्यक व्यवस्था गरिनेछ।

२) गाउँपालिकाभित्र रहेका महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रोत्साहित गर्न रकमको व्यवस्था गरिदै आएको र सो कार्यलाई निरन्तरता दिइने छ।

३) गाउँपालिका क्षेत्र भित्रका जनताहरुलाई सर्वसुलभ रुपमा औषधि उपलब्ध गराउन संस्थागत फार्मेसिको थालनि गरिने छ भने आम जनताको स्वास्थ्यलाई ध्यानम राखी महिलाहरुको तल्लो पेट सम्बन्धि शिविर,

आँखा शिविर, जनरल शिविरहरुको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ।

४) महामारी तथा संक्रमित रोग विरुद्ध रोकथामको पूर्व तयारी कार्यक्रमलाई जोड दिईनेछ।

५) स्वस्थ्य चौकिहरुको भौतिक अवस्थामा सधार, उपकरण तथा प्रयोगशालाको व्यवस्थापन गरिने छ।

६) अति विपन्न र विपन्न परिवारलाई परिचय पत्र वितरण गरी त्यसको आधारमा स्वास्थ्य संस्थामा विशेष छुट हुने व्यवस्था मिलाइने छ।

७) सुत्केरी महिला तथा कुपोशित वालवलिकाको लागि पोषण सधार कार्यक्रम अवम्बन गरिने छ।

८)गाउँपालिकालाई पूर्ण सरसफाई युक्त क्षेत्र घोषणाको लागि गाउँपालिकाले साझेदार निकायहरुसँग समन्वय गरी कार्य बढाउने नीति अवलम्बन गर्ने छ।

९) फोहोर मैला व्यवस्थापन गर्ने कार्यलाई सार्वजनिक नीजि साझेदारीको माध्यमबाट व्यवस्थापन गर्ने नीतिलाई अवलम्वन गरिने छ।

१०) घरको फोहेरलाई सकेसम्म घरमा नै तह घरबाट उत्सर्जन हुने फोहोरलाई स्रोतमै कुहिने र नकुहिने गरी छुट्टाछुट्टै संकलन गर्न गाउँबासीहरुलाई सचेतना अभिवृद्धि सम्बन्धि तालिमको व्यवस्था गरिनेछ।

११) गाउँपालिका भित्र उचित स्थानको पहिचान गरी सार्वजनिक शौचालयको निर्माण गरिने छ।

१२) फयाकिएका प्लाष्टिकजन्य सामाग्रीको पुन:प्रयोग गरी व्यवसायिकरण गर्न सीपमूलक तालिम प्रदान गर्ने नीति अबलम्बन गरीनेछ। यसबाट गाउँपालिकालाई प्लाष्टिक मुक्त गर्ने अभियानमा सहयोग पुग्नेछ। गाउपालिका सम्पूर्णमा गुणस्तरहिन प्लाष्टिकजन्य झोला र अन्य सामाग्रीको प्रयोग नगर्न सचेत गराइने छ। साथै फोहोर व्यस्थापनको लागि ल्याण्डफिल्ड साइटको खोजि गरिने छ।

१३) वातावरणमैत्री तथा दिगो विकासलाई सुनिश्चत गराउन वातावरण संरक्षण, सम्बर्द्धन र नतिजामुखि कार्यक्रममा प्राथमिकता दिने।

## ग) खानेपानी

१))खानेपानीको समस्या समाधानको लागि दिर्घकालिन समाधानका उपायहरुको खोजि गरी सो को लागि आबश्यक बजेटको व्यवस्था गरिने छ।

२) गाउँपलिका क्षेत्रभित्र रहेका प्राकृतिक श्रोत तथा सबै खानेपानीका मुहानहरुको खोजी र पहिचान गरी संरक्षण गर्ने नीति लिइने छ।

३) सुख्खा क्षेत्रमा समेत खानेपानी पुऱ्याउनको लागि अन्य विकल्पको खोजी गरि बजेटको व्यवस्था गरिने छ।

## घ)संस्कृति,साहित्य,कला र पर्यटन विकासः

१) गाउँपालिका भित्र रहेका सम्पूर्ण पाटी,पौवा, धार्मिकसांस्कृतिक तथा पर्यटकिय महत्वका स्थानहरु र साहित्य कला संस्कृतिको संरक्षण र सम्बद्धन गर्दै पर्यटन व्यबसायी,उद्यमीहरुलाई सम्बन्धित क्षेत्रको आयआर्जनसँग अन्तरसम्बन्ध गर्ने नीति लिइने छ।

२) पर्यटन प्रवर्द्धन पुर्वाधार विकास सम्बन्धि नीतिलाई प्राथमिकतासाथ अगाडी बढाईनेछ । गाउँपालिकाको पर्यटकिय स्थल बनाउन उपयूत्त स्थानहरुको पहिचान गरिने छ ।

ङ) यूवा तथा खेलकुद सम्बन्धि:

१)खेलकुद क्षेत्रको विकासका लागि गाउँस्तरीय खेलकुद विकास समिति गठन गरी खेलकुदको क्षेत्रलाई प्रभावकारी रुपमा अगाडी बढाइने छ ।

२)खेलकुदको विकासको लागि खेलकुद नीति तयार गरिने छ ।

३) गाउँपालिकास्तरीय खेलकुद मैदानको निर्माण कार्य शुरु भैसकेकोले सो को निर्माण कार्य निर्धारित समयमा नै सम्पन्न गर्न विषेश पहल गरिने छ । प्रत्येक वडाको पायक पर्ने स्थानमा एक एक वटा खेल मैदान निर्माण गर्नको लागि आवश्यक र उपयूक्त स्थानको पहिचान गरी खेल मैदानको व्यवस्थापन गर्न आवश्यक कार्य अगाडी बढाइनेछ ।

४) वार्षिक रुपमा कम्तिमा एक वटा गाउपालिकास्तरीय खेलकुद कार्यक्रमको सञ्चालनका लागि बजेटको व्यवस्था गरिनेछ ।

५)यूवाहरुलाई सीप तथा तालिमको माध्यमबाट स्थानीयस्तरमा रोजगारी प्रवर्द्धन हुने गरी आवश्यक सहयोगका कार्यक्रमहरु संचालन गरिने छ ।

च)लक्षित समुदाय

१)महिला,आदिवासी, दलित,अपांग,पिछडाबर्ग लगायतका लागि विशेष लक्षित कार्यक्रमको व्यवस्था गरीनेछ ।

२)वालबालिकाको लागि चिल्ड्रेन पार्क निर्माण र संचालनमा सहयोग गर्ने नीति अवलम्बन गरीने छ ।

३) वालवालिकाहरुको समग्र अधिकारको प्रवर्धनका लागि गाउँपालिकास्तरीय वाल सञ्जालको गठनमा जोड दिइ उनीहरुलाई सहभागितामूलक योजना पद्धती र विकासका विविध पक्षहरुमा सहभागी गराउन पहल गरिने छ ।

४) एकल/विधवा महिलाहरुको तथ्यांक संकलन गरी उनिहरुको क्षमता वृद्धि र आय आर्जनको लागि आबश्यक तालिमको व्यवस्था मिलाईने छ ।

५)जेष्ठ नागरिकरहरु दिवा समयमा भलाकुसारी गरुन भन्ने उद्देश्यले सबै वडाहरुका विभिन्न स्थानमा जेष्ठ नागरिक चौतारीहरु तथा पार्कहरु क्रमश: निमार्ण गर्दै लगिनेछ ।

६) लैंगिक एवं जातिय छुवाछुत विरुद्ध सचेतना मुलक कार्यक्रमहरुसञ्चालन गरिने छ । जातिय छुवाछुतलाई दण्डनिय बानाईने छ । वालविवहलाई दण्डनिय बनाइने छ ।

७) दलित र पिछडाबर्गको उत्थानको लागि विशेष लक्षित कार्यक्रमको व्यवस्था गरिने छ ।

८) विपन्न वर्गको पहिचान गरी उनिहरुको जीवनस्तर उकास्न विशेष पहल गरिने छ ।

९) आदिवासी जनजातीहरुको हित र अधिकार प्रवर्धन गर्नका लागि सचेतना कार्यक्रमहरु सञ्चालन गर्ने,जातजातीहरुको सांस्कृतिक संरक्षण र प्रवर्द्धन गर्नका लागि सांस्कृतिक संग्राहलय स्थापना गर्न पहल गरिने र पर्यटन विकाससँग आवद्ध गर्ने व्यवस्था मिलाईने छ ।

१०) गाउँपलिका क्षेत्रभित्रका महिलाहरुको आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक रुपले सशक्तिकरण गर्दै विकासमा समान सहभागिताको अबसर सृजना गरिने छ ।

१२) महिलाहरुको राष्ट्रिय पर्व तिज कार्यक्रमलाई सँस्कृति कार्यक्रम सँग आवद्ध गरी मनाउन सचेतना कार्यक्रम गरीने छ । महिला हिंसा विरुद्धको १६ दिने अभियान, अन्तराष्ट्रिय महिला दिवस मनाउनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । घरेलु हिंसा न्युनिकरण गर्न र पिढित महिलाहरुलाई न्याय एवं क्षेतिपूर्ति दिलाउन विशेष पहल गरिनेछ ।

## भौतिक पूर्वाधार निर्माण तथा व्यवस्थापन सम्बन्धि नीतिः

१) यस गाउँपालिकाको अल्पकालिन तथा दिर्घकालिन नीति योजना र कार्यक्रम वनाई यस गाउँपालिकालाई समुन्नत वनाउने नीति अवलम्वन गरिनेछ । गाउँपालिकाबाट प्रत्येक वडाको केन्द्रसम्म जोड्ने सडकलाई उच्च प्राथमिकतामा राखी स्तरोन्नती गरिनेछ र कालोपत्रे गर्न विषेश पहल गरिने छ

२)सबै वडाहरुमा वडाकार्यालय भवनहरु निर्माण र मर्मतलाई विषेश प्राथमिकतामा राखी बजेटको व्यवस्था गरिने छ ।

३) वडास्तरीय तथा गाउँपललिकास्तरीय योजनाहरु सञ्चालन गर्दा कम्तिमा १० प्रतिशत उपभोक्ताको नगद लागत सहभागिताबाट सञ्चालन गर्ने व्यवस्था लागू गरीने छ उपभोक्ता नगद साझेदारी नहुने योजनाहरु उपभोक्ता मार्फत सञ्चालन गरीने छैन साथै सबै भन्दा बढी प्रत्यक्ष नगद लागत सहभागिता हुन सक्ने आयोजनाहरुलाई उच्च प्राथमिकता दिई सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

**३)** ४० **लाख** भन्दा माथिका योजनाहरु टेण्डर प्रक्रियाबाट सञ्चालन गर्ने र ४० **लाख** मुनिका योजनाहरु मात्र उपाभोक्ता समितिबाट सम्पन्न गर्ने नीति लिईनेछ । तर उपभोक्ताबाट नगद नै संकलन गरी लागत साझेदारी हुन सक्ने अवस्था भएमा नियम अनुसार उपभोक्ता समिति मार्फत योजना सम्पन्न गर्न प्राथमिकता दिइने छ ।

४) रु. ६० लाख भन्दा माथिका आयोजनाहरुको निर्माण कार्य गर्दा विद्युतिय वोलपत्र (E-Bidding) प्रक्रिया मार्फत खरिद गर्ने व्यवस्था मिलाईने छ ।

५) यस गाउँपालिका क्षेत्रभित्र विद्युत विस्तार हुन वाँकी क्षेत्रमा विद्युत पुर्याउने नीति अवलम्वन गरिनेछ ।

६)गाउँपालिका भित्रका भित्री सडकहरुको चौडाइ तोकिएको भवन निर्माण मापदण्ड बमोजिम हुने गरी न्यून्तम चौडाई २० फिट ढल सहित कायम गरीनेछ । अन्य व्यवस्था तोकिए बमोजिम हुने छ ।

७)उपभोक्ता समितिको लागत सहभागितामा संचालन हुने आयोजनाहरुमा उपभोक्ताले व्यहोर्नुपर्ने दायित्व रकम बैंक खातामा जम्मा गर्न एवं सम्झौता बमोजिम सम्पन्न भएको कामको मूल्यांकन गरी मूल्यांकित रकममा जन-सहभागिताबापतको रकम घटाई बाँकी रकम मात्र भूक्तानी दिने नीति अवलम्बन गरिने छ। तीन लाख सम्मका योजना सञ्चालन गर्दा पेश्की शुन्यपेश्कीमा सञ्चालन गर्ने र शुन्यपेश्की प्रणालीलाई निरन्तर रुपमा अबलम्बन गर्दै लगिने छ।

८) तीन लाख भन्दा बढिका प्रत्येक आयोजनाहरु आयोजनास्थलमा आयोजनाका विवरण खुलेको होडिङ्गबोर्ड राख्ने हालको व्यवस्थालाई निरन्तरता दिदै कडाइकासाथ लागू गरिने छ।

९) रावा करिडोर निर्माणलाई प्राथमिकतामा राखिने छ।

१०) प्रत्येक वर्ष उत्कष्ट कार्य गर्ने २ वटा उपभोक्ता समितिलाई सम्मान गर्ने नीतिलाई अवलम्बन गरिने छ।

११) विकास व्यवस्थापनका कामलाई विपद न्यूनिकरण एवम वातावरण मैत्री ढंगबाट अवलंवन गर्ने नीति अंगिकार गरीनेछ।

१२) पुंजीगत बजेटमा मर्मत सम्भार कोषका लागि मर्मत संभार कोष निर्देशीका बमोजिम कट्टा गरी राख्न र सो रकम तोकिए बमोजिम खर्च गर्ने नीति अवलम्बन गरीने छ।

१३) भु-उपयोग नीति तथा एकीकृत शहरी विकास योजना तर्जूमा गरी कायान्वयन गरिनेछ।

१४) प्रचलित मापदण्डको अधिनमा रही जग्गा एकिकरण तथा जग्गा विकास सम्बन्धि कार्यक्रम संचालन गर्न अनुमति लिनुपर्ने नीति कडाईका साथ लागू गरिनेछ।

१५) नेपाल सरकारका वस्ती विकास,शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन, २०७२ लाइ स्वीकारीय रुपमा स्वामित्व लिदै पूर्णरुपमा कार्यान्वयन गर्न जोड दिदै भवन निर्माण सम्बन्धि कार्यविधि वनाई लागु गरिनेछ।

१५) गाउँपालिकामा घर नक्शा दर्त्ता नगरी कुनै घर एवं संरचना निर्माण गर्ने कार्यलाई निरुत्साहित गरी अनिवार्य रुपमा नक्शा दर्त्ता गरेर मात्र निर्माण कार्य गर्ने कार्यलाई काडाईका साथ लागू गरिने छ।

१७)सडक स्तरोन्ती तथा कालो पत्रे गर्दा अन्य संरचनाहरु क्षेती नहुने गरी गर्न विषेश पहल गरिनेछ।

१८)गाउापालिकलाई रातमा उज्यालो बनाउन बैकल्पिक उर्जाको प्रयोग गर्ने नीतिलाई शौर्य सडक वत्ति जडान गर्ने कार्यको थालनी भइसकेको हुँदा यसलाई निरन्तरता दिईने छ।

१९)बैकल्पिक उर्जाको अवस्था, सम्भावना र अवसरहरुको ब्यवस्थापन गरिनेछ।

अन्त्यमा,

यस गाउँपालिकाको विकास,सम्वृद्धि,उन्नति र प्रगतिका लागि आजसम्म मलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधिहरु, राजनीतिक दल, संघसंस्थाहरु प्रतिष्ठित व्यक्तित्वहरु र कर्मचारीहरु प्रति म हार्दिक कृतज्ञता सहित आभार व्यक्त गर्न चाहान्छु।

धन्यवाद !

रावा बेसी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हरमटार, कुभिण्डे खोटाङ
१ प्रदेश नेपाल
२०७३